# जयपृथ्वी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५**      **संख्याः १०**      **मितिः२०७८-११-२०**

## भागः२

## जयपृथ्वी नगरपालिका


## जयपृथ्वी नगरपालिका
## महिला सुरक्षित आवासगृह आकस्मिक कोष (सञ्चालन) कार्यविधि, २०७८



### महिला सुरक्षित आवासगृह आकस्मिक कोष (सञ्चालन) कार्यविधि, २०७८


लैङ्गिक हिंसा तथा घरेलु महिला हिंसाबाट विशेष गरी महिला तथा बालबालिकाहरु पीडित / प्रभावित हुने गरेका र यसबाट उनीहरुमा शारीरिक, यौनजन्य, मानसिक तथा मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असर पर्ने गरेको छ । यस्ता घरेलु हिंसा, लैङ्गिक तथा महिला हिंसावाट प्रभावित भई अलपत्र भएका प्रभाबित महिलाहरुलाई तत्काल संरक्षण गर्न, न्याय दिलाउन, पुनस्थापना र पारिवारिक मेलमिलाप कायम गराउने तर्फ एकिकृत र प्रभावकारीरुपमा सम्वोधन गर्न सहजीकरण गर्नुपर्ने आवश्यक देखिएकाले प्रभावित अवधिमा सुरक्षित गर्नका लागि नेपाल सरकारबाट स्वीकृत लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना सन् २०१० को उदेश्यको बुदा नं. ३, घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६ तथा सो को नियमावली २०६७, जयपृथ्वी नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा योजना २०७८ र हानिकारक प्रचलन अन्त्य सम्वन्धि नीति–२०७८ ले गरेको ब्यबस्था अनुसार बझाङ्ग जिल्लाको स्थानिय

जयपृथ्वी राजपत्र

तहमा घरेलु हिंसा, लैङ्गिक तथा महिला हिंसाबाट पिडित महिलाहरुलाई तत्काल अल्पकालिन सेवा र सुबिधा पुर्याउनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उप दफा २ बमोजिम यो अल्पकालिन महिला सुरक्षित आवासगृह वा सेवा केन्द्र संचालन कार्यबिधि तयार गरी लागु गरी सेवा केन्द्र संचालन गरेको छ । सो केन्द्र संचालन गर्न विशेष कोष निर्माण तथा संचालन गर्न प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जयपृथ्वी नगरपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१)यस कार्यविधिको नाम "महिला सुरक्षित आवासगृह आकस्मिक निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि नगरसभा वा नगरकार्यपालिकाले पारित गरे पछि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले महिला सुरक्षित आवासगृह आकस्मिक कोष (संचालन) कार्यविधि २०७८ सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले जयपृथ्वी नगरपालिका सम्झनु पर्दछ ।

(ग) "वडा कार्यालय" भन्नाले स्थानीय तहको वडा कार्यालय सम्झनु पर्दछ ।

(घ) "लैंगिक हिंसा" भन्नाले महिला वा पुरुष वा तेस्रो लिंगी भएकै कारणले पेशा, अध्ययन, सामाजिक कुरीतिजन्य व्यवहार, कार्यस्थल, परिवार तथा समाजमा वा कुनै पनि ठाउँमा घृणा गर्न, कुटपिट गर्नु, यौनजन्य दुराचार, डरत्रास, धम्की दिनु, पारिश्रमिक नदिनु वा कम दिनु अश्लिल शब्द बोल्नु, अश्लिल फोटो देखाउनु आदि सम्झनु पर्दछ ।

(ङ) "आकस्मिक कोष समिति" भन्नाले दफा ५ को उपदफा २ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

**३. आकस्मिक कोषको स्थापना :**

(१) महिला सुरक्षित आवासगृह लागि एक विशेष कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाए बमोजिमका रकमहरु रहनेछन् ।

क. स्थानीय तहबाट विनियोजन भएको रकम

ख. संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

ग. बिदेशी सरकार अन्तराष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त रकम

घ. स्वदेशी संघ संस्थाहरुबाट प्राप्त रकम

ङ. अन्य विविध स्रोतबाट प्राप्त हुन आएको रकम

**४. आकस्मिक कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

क. महिला सुरक्षित आवासगृहको कोष नभएको अवस्थामा महिला सुरक्षित अवासगृह निरन्तर संचालन गर्ने ।

ख. पीडितलाई तत्काल उद्धार तथा पुर्नस्थापना गर्न ।

ग. पीडितलाई स्वास्थ्य उपचार र औषधी गर्न ।
घ. कानुनी सहायता गर्न ।
ङ. मनोबैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।
च. जिल्ला भित्र तथा जिल्ला बाहिर थप सेवा, उपचार लिन जाँदा बाटो खर्च र यातायात खर्च प्रदान गर्न ।
छ. राहत प्रदान गर्न, आर्थिक सहयोग तथा सीपमुलक तालिम प्राप्त पीडितलाई स्वारोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदान उपलब्ध गर्न ।
ज. पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न ।
(२) कोषको रकम उपदफा (१) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको ५ प्रतिशत सम्मको रकम आकस्मिक कोष संचालन समितिको बैठक सञ्चालनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

**५.आकस्मिक कोष संचालक समिति गठन :**
(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक समिति रहनेछ ।
(२) समितिको गठनः

| | |
|---|---|
| (क) नगर उपप्रमुख | अध्यक्ष |
| (ख) सामाजिक विकासस समितिका संयोजक | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) लेखा शाखा प्रमुख | सदस्य |
| (ङ) महिला सुरक्षित आवासगृह प्रमुख | सदस्य |
| (च) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिब |

(३) उपदफा (२) को छ बमोजिम सदस्यको पदावधी **३** वर्षको हुनेछ ।
(४) संचालक समितिको सचिवालय जयपृथ्वी नगरपालिकामा रहनेछ ।

**६.महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको काम कर्तव्य र अधिकारः**
(१) सञ्चालक समितिको कामकर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क. महिला सुरक्षित आवासगृहको कोष नभएको अवस्थामा महिला सुरक्षित अवासगृह निरन्तर संचालन गर्ने ।
ख. विभिन्न किसिमको हिंसा पीडित तथा प्रभावितको तत्काल उद्धार गर्ने र स्वास्थ्योपचार गर्ने ।
ग. राहत समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन समन्वय गर्ने ।
घ. पालिका भित्र घटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अध्यावधिक गर्ने ।
ङ. पिडितलाई पुर्नस्थापना गराउने ।
च. लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ।
छ. कोष वृद्धिको लागि स्रोत खोजी गर्ने ।
ज. पीडितलाई राहत, आर्थिक सहयोग तथा सीपमुलक तालिम प्राप्त पीडितलाई स्वारोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदान उपलब्ध गराउन सिफारिस गर्ने ।
झ. लैंगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने गराउने ।
(२) आवश्यकताका आधारमा एक जना पीडितलाई एक पटकमा रु. पन्ध्र हजार सम्म समितिको सिफारीसमा रकम उपलब्ध गराउन सकिनेछ ।

**७. महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको बैठक तथा निर्णयः**

(१) महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(३) महिला सुरक्षित आवासगृह आकस्मिक कोषस मितिको बैठक बस्नुभन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सुचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको गणपुरक संख्या पुगेको मानिने छ ।

(५) महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको बैठकमा आवश्यकतानुसार कुनै विशिष्ठ व्यक्तिलाई बैठकमा आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(९) महिला सुरक्षित आवासगृह आकस्मिक कोष समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. निवेदन दिनु पर्नेः**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई स्थानीय तहमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने मनाविस आधार देखिएमा नगरपालिकाले दफा ६ को उपदफा (२) को अधिनमा रही पीडितलाई रकम उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगर्दा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा तत्काल राहत तथा पुर्नस्थापना समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्ने छ ।

(४) उपदफा (३) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराई सके पछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**९. कोषको खाता सञ्चालनः**

(१) उक्त रकम **महिला सुरक्षित आवासगृह आकस्मिक कोष** नाममा खाता सञ्चालन गर्न छुट्टै बैंक खाता खोली संचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन गर्न अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्र व्यवस्थापन संचालक समितिका सदस्य सचिव (नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख) र

महिला सुरक्षित आवासगृहका प्रमुख वा वाडेन मध्यको एक जना गरी दुई जनाको संयुक्त दस्तखतबाट बैंक खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिने छ । हिसाव किताबको सम्पुर्ण जिम्मेवारी महिला सुरक्षित आवासगृहका प्रमुखको जिम्मेवारी र दायित्व हुनेछ ।

**१०. रकम फ्रिज नहुनेः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**११. कोषको लेखा र लेखापरीक्षणः**

हिसाव किताबको लेखा राख्ने र लेखापरिक्षण गराउने जिम्मेवारी महिला सुरक्षित आवासगृहका प्रमुखको जिम्मेवारी र दायित्व हुने छ ।

**१२. प्रतिबेदन पेश गर्नेः** समितिले आफुले गरेका कार्यको बार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र जयपृथ्वी नगरपालिका नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१३. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्‌काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यन्वयन को शिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्‌काउ फुकाउने अधिकार जयपृथ्वी नगरपालिका नगर कार्यपालिकालाई हुनेछ ।

**१४. खारेजी र बचाउः** यो कार्यविधि लैंगिक हिंसा सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनसंग बाँझीएमा बाँझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरु अमान्य हुनेछन् र नेपाल सरकारको कानुनमा लेखिएका कुराहरु मान्य हुनेछन् ।

**अनुसुचि**
**दफा ७ संग सम्बन्धित**
**विषयः सहयोग उपलब्ध गराई पाउँ**

**श्री अध्यक्ष ज्यु**
**महिला सुरक्षित आवासगृह आकस्मिक कोष संचालन समिति**
**जयपृथ्वी नगरकार्यपालिकाको कार्यालय**
**चैनपुर, बझाङ्ग ।**

म.........................मा बस्ने वर्ष.......को.................................मिति......................मा लैंगिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवं परापर्श/उद्धार / मनोविमर्श/ स्वरोजगार/ पुर्नस्थापना /अन्य.... ........................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थनिय लैंगिक हिंसा निवारण नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

**निवेदकको:**
**नाम, थर** ..................
**ठेगाना** ....................
**दस्तखत** ...................
**मिति** .................

जयपृथ्वी राजपत्र

आज्ञाले,
अम्मरराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

जयपृथ्वी राजपत्र